## REGIONAL NEWS UNIT

## ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:22.05.2024**

---

***Lok sabha 7th phase***

लोकसभा चुनाउको सातौं चरणमा आठ राज्य र केन्द्रशासित प्रदेशका नौ सय चारजना उम्मेदवारहरू चुनाउ मैदानमा उत्रिने छन्।

निर्वाचन आयोगले भनेको छ सन्ताउन्न लोकसभा सीटहरूका लागि कुल दुई हजार एक सय पाँच नामाङ्कन दाकिल गरिएको थियो।

जाँचपछि यीमध्ये नौ सय चौवन्न नामाङ्कन बैध पाइयो।

सातौं चरणका लागि पहिलो जूनमा मतदान हुनेछ।

अन्तिम चरणको यस चुनाउमा उत्तर प्रदेश र पञ्जाबका तेह्र-तेह्र, पश्चिम बंगालका नौ, बिहारका आठ, ओडिसाका छ, हिमाचलका चार, झारखण्डका तीन र केन्द्रशासित प्रदेश चंडीगढको एउटा सीटमा मतदान हुनेछ।

मतगणना चार जूनमा हुनेछ।

---

***Counting process meeting namchi***

राज्यमा आम चुनाउ 2024 को मतगणनालाई यसै क्रममा नाम्चीकी जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री अन्नपूर्ण आलेले विभिन्न राजनीतिक पार्टीका उम्मेदवारहरू र प्रतिनिधिहरूसित बैठक गर्नुभयो।

उहाँले आउँदो महीना दुई र चार जुनका दिन हुने मतगणना प्रक्रिया विभिन्न पक्षहरू प्रथम स्तरको जाँच र सम्वन्धित समस्टिहरूका लागि निर्धारित मतगणना हलवारे जानकारी दिनुभयो।

आफ्नो वक्तव्यमा अतिरिक्त जिल्लाधीश श्री अनन्त जैनले इलेक्ट्रोनिक भोटिङ मशिन र डाक मतपत्रहरू गन्ने प्रक्रिया Form 18 वारे अवगत गराउँदै समग्र गणना प्रक्रियाको पर्यपेक्षण आम पर्यवेक्षकले गर्ने कुरो बताउनुभयो।

वरिस्ठ पुलिस अधीक्षक डा. टी. एन ग्याछोले ट्राफिक प्रवन्धन मतगणना केन्द्र परिसरमा कानून औ व्यवस्थावारे प्रकाश पार्नुभयो।

उहाँले विभिन्न पार्टीका प्रतिनिधिहरूसित जनताको सुरक्षा सुनिश्चित गर्न शान्ति र सदभावना कायम आग्रह गर्नुभएको छ।

पछि राजनीतिक पार्टीका प्रतिनिधिहरूसँगै जिल्ला निर्वाचन अधिकारी, रिटर्निङ अधिकारीहरू सहायक रिटर्निङ अधिकारीहरूले नाम्ची सरकारी महीविद्यालय कामराङमा स्थापित मतगणना केन्द्रको निरीक्षण गरे।

---

***Training counting officials***

गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा आपोजित मतगणना पर्यवेक्षणकर्ता, मतगणना र सूक्षम पर्यवेक्षकहरूका दोस्रो चरणको प्रशिक्षणको तेस्रो दिन आज राज्य स्तरीय प्रमुख प्रशिक्षक श्री जिग्मी वाङचुक भुटियाले गणनाका वेला गोपनीयता कायम राख्नु पर्ने खाँचोमाथि जोड दिनुभयो।

गणना सम्वन्धी कानुनी प्रावधानहरूवारे बोल्दै उहाँले EVM, इलेक्ट्रोनिक डाक मतपत्र प्रणाली ETPBS र परिणामको घोषणा जस्ता विषयहरूवारे पनि चर्चा गर्नुभयो।

प्रशिक्षणार्थीहरूलाई गणना टेवल कर्मी र सूक्ष्म पर्यवेक्षकहरूको भूमिकावारे पनि अवगत गराईयो।

आम चुनाउ 2024 मा मतगणना कार्यका लागि खटाइएका जम्मा एकसय वाइसजना गणना अधिकृतहरू प्रशिक्षणमा सहभागी बने।

---

## *Postal ballot pakyong*

पाकिम जिल्लालाई आज सेवा मतदाताहरूका थप एघारवटा डाक मतपत्रहरू प्रप्त भए।

डाकघरका अधिकृतले यी मतपत्रहरू जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेललाई हस्तान्तरण गरेपछि भारतको निर्वाचन आयोगको नियम अनुरूप सम्वन्धित विधानसभा समस्टि अनुसार छुटयाएर जिल्ला प्रशासनिक केन्द्रको स्ट्रङ रूममा सीलबन्द गरी राखिएको छ।

उल्लेखनीय कुरा के छ भने जिल्लामा पाँच समस्टिहरूका लागि अहिलेसम्म जम्मा तीन सय पैंतिस सेवा डाक मतपत्रहरू प्राप्त भएका छन्।

---

## *DDMA Act pakyong*

पूर्वोत्तर क्षेत्रमा वर्षा दाम शुरू भइसकेको र मनसूनको वर्षाले विभिन्न ठाउँहरूमा पैह्रो गएर सम्पतिलाई क्षति हुन सक्ने कुरोलाई ध्यानमा राखेर पाकिम जिल्लामा आपदा प्रवन्धन ऐन 2005 को धारा तीस लागू गरिएको छ।

जिल्लाधीश तथा जिल्ला आपदा प्रवन्धन प्रधिकरणका अध्यक्ष श्री टाशी छोपेलद्वारा आज जारी आदेश अनुसार ऐन अन्तर्गत पहिलो जूनदेखि तीस सितम्वर सम्मका लागि निर्माणका नयाँ कार्यहरूमा प्रतिवन्ध लगाइनेछ। यस अवधिमा संरक्षण, पुनस्थार्पना र मरम्मति सम्वन्धी कार्यलाई मात्र अनुमति दिइनेछ। केही आवश्यक कार्यका लागि जिल्ला आपदा प्रवन्धन प्रधिकरणका अध्यक्षको अनुमति लिनुपर्नेछ।

---

## *Transport dept notification*

राज्यमा आउँदो महीना पहिलो तारीकदेखि वाहनहरूका लागि सीटबेल्ट अनिवार्य गरिएको छ।

परिवहन विभागद्वारा आज जारी अधिसूचना अनुसार चालकहरूले सीटबेल्ट नलगाई बाहन चलाएको खण्डमा केन्द्रीय मोटर यान ऐन 1988 को धारा 194 B (1) अन्तर्गत उनीहरूलाई सजाय दिइनेछ ।

यस्ता वाहनहरूमा हलुका वाहनहरू ट्याक्सी तथा वाणिज्यिक वाहन र गैर transport परिवहन वाहन अर्थात निजी तथा सरकारी वाहनहरू सामेल छन् ।

सार्वजनिक स्थलमा मोटर साइकल सवारहरूले टाउकोको सुरक्षका लागि हेलमेट लगाउनुपर्नेछ।

---

***NIT Founder's Day***

देवराली स्थित नाम्गेल तिब्बती विज्ञान संस्थापनका संस्थापक अध्यक्ष स्वगीर्य मिवाङ छोग्याल पाल्देन थोण्डुप नाम्गेलको एक सय पहिलो जयन्तीको अवसरमा स्थापना दिवस पालन गऱ्यो ।

छोग्याल पाल्देन थोण्डुप नाम्गेल समारक उद्यानमा आयोजित समारोहमा राज्यपाल श्री लक्ष्मण प्रसाद  आचार्य मुख्य अतिथि हुनुहुन्थ्यो । यसमा अन्य वाहेक राज्य विधानसभा अध्यक्ष उप्रेती र मन्त्री श्रई सोनाम लामाको उपस्थिती थियो ।

नाम्गेल तिब्बती विज्ञान संस्थानका संस्थापक अधियक्षप्रति श्रध्दाञ्जली अर्पण गर्दै राज्यपालले भन्नुभयो भगवान बुध्दको ज्ञानलाई यथावत संरक्षित गर्ने दिशामा उहाँको प्रशंसनीय प्रयासले भावी पिढ़ी लाभान्वित भइरहनेछन् ।

---